रामग्राम नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ५ रामग्राम, जेठ २८ गते, २०७९ साल संख्या १

## भाग-२

## रिटर्नीज युवासँग मेयर कृषि कार्यक्रम सञ्चालन कार्यविधी - २०७९

नगर कार्यपालिकाबाट पारित मिति २०७९।०२।२८

रामग्राम नगरपालिकाको कृषि व्यवसाय प्रर्वद्धन ऐन, २०७७ को दफा ३६ बमोजिम रामग्राम नगरपालिकाको नगरकार्यपालिकाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**(१) पृष्ठभूमिः**

रामग्राम नगरपालिकाको आ.व. २०७८/०७९ नगर सभाबाट स्वीकृत वार्षिक कृषि विकास कार्यक्रम अन्तर्गत यो नवीनतम कार्यक्रम हो । कृषि पेशालाई आधुनिक, वैज्ञानिक, व्यवसायिक रुपमा व्यवस्थित तरिकाले सञ्चालन गर्नका लागि युवाहरुलाई कृषिमा आकर्षित गराई कृषि व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याउनका लागि यो कार्यक्रमको परिकल्पना गरिएको हो । विशेष गरेर वैदेशिक रोजगारीका सिलसिलामा विभिन्न मुलूकमा गई कामकाज पश्चात स्वेदशमा फिर्ता भई विदेशमा सिकेको सीप, श्रम, प्रविधि तथा अनुभवलाई आफ्नै ठाँउमा कृषि व्यवसाय सञ्चालन गरी स्थानीय रोजगारीको सिर्जना होस् भन्ने उद्धेश्यका साथ रिटर्नीज युवासँग मेयर कृषि कार्यक्रम राखिएको हो ।

वैदेशिक रोजगारीको सिलसिलामा विदेशीने युवा जनशक्ति स्वदेशमा फिर्ता पछि विदेशमा सिकेको ज्ञान सीप र प्रविधिलाई प्रयोग गरी कृषि व्यवसायको माध्यमबाट मनग्य रुपमा आय आर्जन गर्न सक्नेछन् । यस कार्यक्रमका माध्यमबाट मौसमी तथा बेमौसमी तरकारी खेती, फलफूल खेती,मौरी पालन, च्याउ खेती खाद्यान्न तथा तरकारीको बीउ उत्पादन जस्ता कृषि कार्यक्रम सञ्चालन गर्नका लागि युवाहरुलाई ज्ञान, सीप तथा प्रविधि हस्तान्तरणका साथै कृषि पूर्वाधार निर्माणका लागि अनुदान सहयोग गरिनेछ ।

यसै सन्दर्भमा रामग्राम नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ दफा ३६ ले दिएको अधिकार प्रयोग गरी रामग्राम नगरपालिका नगर कार्यपालिकाबाट यो **रिटर्नीज युवासँग मेयर कृषि कार्यक्रम सञ्चालन कार्यविधी - २०७९** स्वीकृत गरिएको छ।

(२) **कार्यविधिको औचित्यता:**

लुम्बिनी प्रदेशबाट एक स्थानीय तह एक उत्पादन कार्यक्रम अनुसार यस नगरपालिकालाई तरकारी खेतीका लागि छनौट गरिएको छ । यहाँका धेरै वडामा तरकारी खेती गरिदै आएकोमा तरकारी खेती गर्ने कृषकहरुलाई संगठित गराई व्यवसाय दर्ता गरी आधुनिक प्रविधिबाट तरकारी खेती गर्न उत्प्रेरित गर्ने प्रयत्न गरिने छ ।

(३) **संक्षिप्त नाम,प्रारम्भ र खारेजी**

१. यो कार्यविधिको नाम **रिटर्नीज यूवासँग मेयर कृषि कार्यक्रम सञ्चालन कार्यविधि - २०७९** रहेको छ।

२. यो कार्यविधि रामग्राम नगरपालिकाका १८ वटै वडामा लागू हुनेछ।

३. यो कार्यविधि रामग्राम नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृती भए पश्चात राजपत्रमा प्रकाशित भएपछि लागु हुनेछ।

**परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा**

(क) **"नगरपालिका"** भन्नाले रामग्राम नगरपालिका सम्झनु पर्नेछ।

(ख) **"कार्यालय"** भन्नाले रामग्राम नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्नेछ।

(ग) **"प्रमुख"** भन्नाले रामग्राम नगरपालिकाको प्रमुखलाई जनाउने छ।

(घ) **"उप प्रमुख"** भन्नाले रामग्राम नगरपालिकाको उप प्रमुखलाई जनाउने छ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले रामग्राम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

(च) **"शाखा"** भन्नाले रामग्राम नगरपालिकाको कृषि विकास शाखालाई सम्झनु पर्नेछ।

(छ) **"वडा"** भन्नाले रामग्राम नगरपालिका अर्न्तगतका १८ वटै वडाहरू सम्झनु पर्ने छ।

(झ) **"कृषक"** भन्नाले कृषि कार्यक्रम संचालन गर्ने व्यक्ति वा संस्था सदस्य सम्झनु पर्दछ।

(ञ) **"ऐन"** भन्नाले रामग्राम नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७७ सम्झनु पर्नेछ।

(ट) **"समिति"** भन्नाले रामग्राम नगरपालिकाको कृषि व्यवसाय प्रर्वद्धन ऐन वमोजिम गठित कृषि समितिलाई सम्झनु पर्दछ।

(ठ) **"कार्यविधि"** भन्नाले **रिटर्नीज युवासँग मेयर कृषि कार्यक्रम सञ्चालन कार्यविधि - २०७९**सम्झनु पर्दछ।

(ड) **"रिटनिङ्ग युवा "** भन्नाले बैदेशिक रोजगारीको सिलसिलामा विदेशमा गई केही वर्ष काम गरी स्वदेशमा फिर्ता भएको २५ देखि ४५ वर्षको युवालाई सम्झनु पर्नेछ।

(ढ) **"प्रस्तावक"** भन्नाले यस कार्यविधि अनुसार प्रस्ताव पेश गर्ने युवा कृषकलाई सम्झनु पर्दछ।

(४) उद्देश्य:

यो कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

१. **युवाहरुलाई कृषि व्यवसायमा आकर्षित गराउने ।**
२. **स्थानीय स्तरमै कृषि रोजगारीको सिर्जना गराउने ।**
३. **खाद्य तथा पोषण सुरक्षामा टेवा पुऱ्याउनुका साथै संरक्षित कृषिको विकास गराउने ।**
४. **कृषिजन्य बाली बस्तुको उत्पादन बृद्धि तथा विस्तार गरी कृषि व्यवसायको प्रवर्द्धन गर्ने ।**
५. **कृषि क्षेत्रमा ज्ञान, सीप र प्रविधिको उपयोग गरी कृषि व्यवसायको विस्तृतीकरण गर्ने ।**
६. **कृषि क्षेत्रको उत्पादन, उत्पादकत्व वृद्धि गर्नुका साथै आधुनिक बजारिकरणको व्यवस्था गर्ने ।**
७. **कृषि वालीबस्तुमा रासायनिक विषादीको न्यूनीकरण गर्दै जैविक विषादीको प्रयोगका जोड दिने ।**
८. **आधुनिक कृषि प्रविधिको विकास र विस्तार गर्ने ।**

(५) कार्यक्रम सञ्चालन प्रक्रिया

**यस रामग्राम नगरपालिकामा कृषि बाली बस्तु जस्तै तरकारी खेती, फलफूल खेती, च्याउ खेती, मौरीपालन, तरकारी तथा खाद्यान्न वाली बीउ उत्पादनका माध्यमबाट** आत्मनिर्भर बनाई दिगो र संरक्षित कृषिको विकास तथा बिस्तार गर्ने उद्धेश्यका लागि संचालन गरिनेछ । साथै कार्यक्रम सञ्चालन प्रक्रिया निम्नानुसार रहनेछ :

१. कार्यक्रम सञ्चालन गर्नका लागि यस कार्यालयले १५ दिने सूचना प्रकाशित गर्नेछ । यस्तो सूचना सबै वडा कार्यालय र सामाजिक संजाल मार्फत प्रचार प्रसार गरिने छ ।
२. कार्यक्रममा सहभागी हुनका लागि अनिवार्य रुपमा यस नगर क्षेत्र भित्रको व्यक्ति बैदेशिक रोजगारीको सिलसिलमा विदेशमा गई कम्तिमा १ वर्षसम्म कामकाज गरेको र नेपालका फर्किसकेपछि कृषि व्यवसाय ( तरकारी खेती, **फलफूल खेती, च्याउ खेती, मौरीपालन, तरकारी तथा खाद्यान्न वालीको बीउ उत्पादन** सञ्चालन गर्दै आएको वा गर्न चाहने हुनुपर्नेछ ।
३. प्रस्ताव पेश गर्नका लागि सम्बन्धित निकायमा कृषि व्यवसाय दर्ता गरेको हुनुपर्नेछ । यस नगरपालिका वाहेक अन्य निकायमा दर्ता गरेको भए यस कार्यालयमा सूची दर्ता गरेको हुनुपर्नेछ । दर्ता नभएको खण्डमा कार्यक्रम संचालनका लागि छनौट भई सम्झौता गर्नु अघि अनिवार्य दर्ता गर्नु पर्नेछ
४. प्रस्ताव पेश गर्दा **रिटर्नीज युवासँग मेयर कृषि कार्यक्रम सञ्चालन कार्यविधि - २०७९ को** अनुसूची १ देखि ३ वमोजिमको ढाँचा वमोजिम पेश गर्नु पर्नेछ ।
५. निर्धारित समय भित्र पर्न आएका प्रस्तावहरुको **प्राविधिक समितिले** फिल्ड अनुगमन तथा निरीक्षण प्रतिवेदन सहित कृषि व्यवसाय प्रवर्द्धन समितिमा छनौटका लागि पेश गर्नेछ । छनौट भएका प्रस्तावहरुको सूचना प्रकाशन गरी १५ दिनभित्र सम्झौताका आह्वान गरिने छ ।
६. रिटर्निज युवाँसँग मेयर कार्यक्रममा सहभागी हुनका लागि दफा ६ बमोजिमका मापदण्डहरु पूरा गरेको हुनुपर्नेछ ।

(६) सञ्चालित क्रियाकलापहरुः कार्यालयको वार्षिक कार्यक्रम तथा वजेट परिधिभित्र रही देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गर्न सकिनेछ ।

| क्र.स. | कार्यक्रम | मापदण्ड | सञ्चालन गर्न सकिने क्रियाकलापहरु | अनुदान रकम प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १. | रिटर्निज युवासँग मेयर कार्यक्रम | व्यवसाय दर्ता गरी कृषिसँग सम्बन्धित तरकारी खेती, फलफूल खेती, बीउ उत्पादन, च्याउ खेती, मौरीपालन, उखु खेती, आलु खेती, फलफुल खेती, तरकारी तथा फलफुल नर्सरी संचालन, गड्यौला पालन, मसला खेती गरेको हुनपर्ने । | बीउ खरिद, सिचाई सामाग्री, उत्पादन तथा भण्डारणका लागि आवश्यक पर्ने यन्त्र उपकरणहरु खरिद, जैविक विषादीहरु खरिद, भकारो निर्माण तथा सुधार, बजारिकरणका लागि आवश्यक पर्ने यन्त्र तथा उपकरण खरिद, प्रविधि प्रदर्शन तथा ज्ञानसीप हस्तान्तरण(तालिम) कार्यक्रम | कुल लागतको ५० प्रतिशत अनुदान वा बढीमा रु. २ लाख | |

(६) छनौटका मापदण्डहरु

| क्र.स. | सूचाङ्काका आधारहरु | अधिकतम सम्भाव्य अङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | बैदेशिक रोजगारीबाट फर्के को भएमा | २० | | |
| क | बैदेशिक रोजगारीबाट फर्केको ५ वर्षसम्म भए | १० | | |
| ख | बैदेशिक रोजगारीबाट फर्केको ३ वर्षसम्म भए | १५ | | |
| ग | बैदेशिक रोजगारीबाट फर्केको २ वर्षसम्म भए | २० | | |
| २ | स्वदेशका अन्य स्थान तथा पेशा व्यवसायबाट फर्केको भए | ८ | | |
| ३ | कृषि विषय लिई न्यूनतम प्राविधिक तह उत्तीर्ण वा तालिम प्राप्त भएको भए | ८ | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | कोभिड तथा अन्य महामारीबाट प्रभावित भई स्वदेश फर्किएको भए | ८ | | |
| ५ | कृषि व्यवसाय दर्ता गरी कृषि पेशामा संलग्न भएको भए | १० | | |
| ६ | प्रस्तावनाको स्पष्टता | १० | | |
| ७ | कृषि व्यसाय दर्ता गरी महिलाहरु कृषि पेशामा संलग्न भए | ८ | | |
| ८ | व्यवसाय दर्ता गरी अन्य व्यक्तिलाई रोजगारी सिर्जजा भए | २० | | |
| क | ३ जनासम्मलाई रोजगारी दिएको भए | १० | | |
| ख | ३ भन्दा बढी ५ जनासम्मलाई रोजगारी दिएको भए | १५ | | |
| ग | ५ जना भन्दा बढीलाई रोजगारी दिएको भए | २० | | |
| ९ | दलित, जनजाती, सिमान्तकृत वर्ग भए | ८ | | |
| जम्मा | | १०० | | |

७. स्थलगत अनुगमनमा भेटिएका अन्य थप विवरणहरू

(क)

(ख)

(ग)

(घ)

८. स्थलगत अनुगमन टोलीको राय :

| क्र. स. | नाम,थर | पद | राय | | | कारण | दस्तखत |
|---|---|---|---|---|---|---|---|
| | | | हुन्छ | हुदैन | सुधार सहित हुन्छ | | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |

९.कार्यक्रमको भुक्तानी प्रक्रिया :

कार्यक्रम संचालनका लागि छनौट भएका प्रस्तावदाताहरुको सूची प्रकाशन गरी सम्झौताका लागि ७ दिने सूचना प्रकाशन गरिनेछ । प्रस्तावित कार्यक्रमको लागत स्टिमेट तयार गरी दुई पक्षिय सम्झौता बमोजिमका कामहरु भए नभएको योजना तथा अनुगमन समितिका पदाधिकारीहरुको निरीक्षण पश्चात भुक्तानीका लागि सिफारिस गरिने छ ।

अनुसूची:१

निवेदनको ढाँचा

मिति :

श्रीमान् शाखा प्रमुख ज्यू
रामग्राम नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प.)

विषय : प्रस्ताव पेश गरेको सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति.........................गतेको प्रकाशित सूचना अनुसार म रामग्राम नगरपालिका वडा नं. ......बस्ने श्री ..............................ले रिटर्निज युवासँग मेयर कृषि कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक कागजात सहित यो प्रस्ताव पेश गरेको छु ।

आवेदक
सञ्चालकको नाम :
फर्मको नाम :
ठेगाना :
सम्पर्क नं.:

## अनुसूची - २
### आवश्यक कागजातहरु

१. प्रस्तावकको निवेदन
२. नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
३. वैदेशिक रोजगारीमा गएको भए राहदानी र भिसाको प्रतिलिपी ।
४. जग्गाधनी पुर्जाको प्रतिलिपी वा करार सम्झौता गरेको भए कम्तिमा ३ वर्षको करार सम्झौता ।
५. व्यवसाय दर्ता प्रमाण पत्रको प्रतिलिपी ।
६. स्थायी लेखा नं. को प्रतिलिपी ।
७. अघिल्लो आ.व.को करचुक्ता गर्नु पर्ने भएमा सो करचुक्ता पत्रको प्रतिलिपी ।
८. अनुसूची ३ बमोजिमको प्रस्तावको ढाँचा ।
९. निवेदन शुल्क रु. ५० तिरेको नगदी रसिद ।

## अनुसूची -३
## व्यवसायिक योजना

**(क) परियोजनाको संक्षिप्त परिचय**

१. कार्यक्रमको नामः

२. व्यवसायको संक्षिप्त परिचय :

३. कार्यक्रम संचालन हुने स्थानः

४. कार्यक्रम सञ्चालन स्थलमा रहेका पूर्वाधाहरु र तिनको अवस्था :

५. परियोजनाको कूल रकम रु.

६. सम्पर्क व्यक्तिको नाम : ठेगाना :
सम्पर्क नं.

**(ख) परियोजनाको संक्षिप्त विवरणः**

१. भौगोलिक अवस्था :

२. कार्यक्रमको उद्देश्यः

३. लाभान्वित हुने जनसंख्याः प्रत्यक्ष : अप्रत्यक्ष

४. खेती गरिएको जग्गाको क्षेत्रफलः ........विघा ........कट्ठा ......धुर

५. खेती गरिएको बाली र जग्गाको क्षेत्रफल

| क्र.स. | वालीको नाम र प्रकृति | लगाइएको क्षेत्रफल | अनुमानित उत्पादन (प्रति कट्ठा) | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

६. अन्य अनुमानित लागतः

७. व्यवसाय संचालनका लागि आवश्यक पर्ने सामाग्रीहरु :

८. कार्यक्रम सञ्चालनका लागि प्रस्तावित क्रियाकलापहरु

| क.स. | प्रस्तावित क्रियाकलापहरु | इकाई | परिमाण | दर रु. | जम्मा लागत रु. | प्रस्तावित अनुदान रु | कृषकको साझेदारी लगानी रु. | अन्य निकाय रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | | |
| २. | | | | | | | | | |
| ३. | | | | | | | | | |
| **जम्मा** | | | | | | | | | |

९. प्रस्तावित कार्यक्रमबाट प्राप्त हुने अनुमानित उपलब्धीहरु के के हुन् ?

(क)

(ख)

(ग)

फर्मको को नाम : ठेगाना :

फर्मको छाप

निवेदकः

पद :

दस्तखत :.

सर्म्पक नं :

प्रमाणीकरण मितिः २०७९/२/२८

आज्ञाले

राकेश पाण्डे

प्रमुख प्रशासकीय अधिकृत